निर्णय नं.१०

नेपाल सरकारको आ.व. २०७६।०७७ को नीति तथा कार्यक्रम एवं बजेटमा उल्लेख भए अनुरुप निजी आवास पुनर्निर्माणको काम सम्पन्न गर्नका लागि प्राधिकरणबाट तय गरिएको कार्ययोजना बमोजिम हुने गरी निजी आवासको सबै काम २०७७ साल आषाढ मसान्तसम्म सम्पन्न गर्ने गरी निम्न बमोजिमको समयसीमा निर्धारण गर्ने निर्णय गरियो ।

क. यस प्राधिकरणको मिति २०७६।०४।०५ को निर्णयानुसार मिति २०७६ आषाढ २१ गतेसम्म सम्झौता नगरेका र मिति २०७६ आषाढ मसान्तसम्म पहिलो किस्ता नलिई अनुदान वितरण स्थगन गरिएका लाभग्राहीहरुलाई र मिति २०७६ कार्तिक मसान्तसम्म दोस्रो किस्ता लिई सक्नुपर्ने लाभग्राहीहरुलाई एक पटकका लागि सम्बन्धित स्थानीय तहले निवेदन लिई लाभग्राहीहरुबाट घर पुनर्निर्माणको सुनिश्चतता गरी सिफारिश भईआएमा जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) ले आवश्यक छानविन गरी जिल्ला पुनर्निर्माण सहजीकरण समितिमा पेश गर्ने र जिल्ला पुनर्निर्माण सहजीकरण समितिले प्राप्त विवरण र सिफारिशसमेत अध्ययन गरी सम्बन्धित लाभग्राहीबाट आफ्नो आवास पुन:निर्माण तोकिएको समयसीमाभित्र सम्पन्न गर्ने प्रतिबद्धता भएको पाएमा स्थगन गरिएको अनुदान उपलब्ध गराउन सक्ने । यसरी लाभग्राही कायम भएकाले पहिलो किस्ता २०७६ पौष मसान्तभित्र र दोस्रो किस्ता २०७६ माघ मसान्तसम्म लिईसक्नु पर्ने । साथै, यस प्रक्रियामा नआउने लाभग्राही सूचीमा सूचीकृत लाभग्राहीहरुको लगत कट्टाका लागि जिल्ला सहजीकरण समितिले सिफारिशसाथ राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा पठाउने व्यवस्था मिलाउने।

ख. एकीकृत बस्तीका लाभग्राही, जोखिम क्षेत्रका लाभग्राही, भूमिहिन लाभग्राही, जोखिमवर्गका लाभग्राही, काठमाण्डौ उपत्यकाभित्रका लाभग्राही तथा छुट तथा पुन: जाँच सर्वेक्षणको लगत विश्लेषणबाट कायम हुने लाभग्राहीहरुको हकमा निम्नानुसार समयसीमा हुने ।

| सि. नं. | किस्ता | समयसीमा | कैफियत |
|---|---|---|---|
| १ | लाभग्राही कायम गर्ने एवं टुंगो लगाउने | २०७६ पौष मसान्त | |
| २ | पहिलो किस्ता लिईसक्नु पर्ने | २०७६ माघ मसान्त | |
| ३ | दोस्रो किस्ता लिईसक्नु पर्ने | २०७७ वैशाख मसान्त | |
| ४ | तेस्रो किस्ता लिईसक्नु पर्ने | २०७७ असार मसान्त | |

ग. प्रवलीकरण लाभग्राहीका हकमा लाभग्राही कायम गर्ने एवं टुंगो लगाउने अवधि र पहिलो किस्ता रकम प्राप्त गर्ने अवधि माथि बुदा नं. ख अनुसार हुने र अन्तिम किस्ता रकम २०७७ असार मसान्तसम्ममा लिई सक्नु पर्ने ।

सचिव

नेपाल सरकार
राष्ट्रिय पुननिर्माण प्राधिकरण
केन्द्रिय आयोजना कार्यान्वयन इकाई

# जिल्ला आयोजना कार्यान्वयन इकाई

अनुदान व्यवस्थापन तथा स्थानीय पुर्वाधार
ववरमहल, काठमाडौं

visit Nepal 2020 Lifetime Experiences

फोन नं. ०१-४२४५३७१
०१-४२४२३४७
०१-४२६२७९२
FAX : ०१-४२१६७२२

ववरमहल, काठमाडौं
३ नं. प्रदेश, नेपाल

पत्र संख्याः-०७६।०७७
चलानी नं.-भुकम्प/३८८

मितिः२०७६।०८।१२

**श्री काठमाडौं महानगरपालिका लगायत काठमाडौं जिल्ला अन्तर्गतका नगरपालिका सवै ।**

**विषयः भुकम्पीय आवास अनुदान वितरण सम्वन्धमा ।**

उपर्युक्त सम्वन्धमा भुकम्पीय आवास पुनर्निर्माण अनुदान वितरण कार्य सम्वन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको मिति २०७६।०४।०५ को निर्णय अनुसार मिति २०७६ आषाढ २१ गतेसम्म संझौता नगरेका र मिति २०७६ आषाढ मसान्तसम्म पहिलो किस्ता नलिई अनुदान वितरण स्थगन गरिएका लाभग्राहीहरुलाई र मिति २०७६ कार्तिक मसान्त सम्म दोश्रो किस्ता लिई सक्नुपर्ने लाभग्राहीहरुलाई एक पटकका लागि सम्वन्धित स्थानीइ तहले निवेदन लिई लाभग्राहीहरुवाट घर निर्माणको सुनिश्चितता गरि सिफारिश भई आएमा जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पुर्वाधार) ले आवश्यक छानविन गरि जिल्ला पुनर्निर्माण सहजिकरण समितिमा पेश गर्ने र जिल्ला पुनर्निर्माण सहजिकरण समितिले प्राप्त विवरण र सिफारिस समेत अध्ययन गरि सम्वन्धित लाभग्राहिवाट आफनो आवास पुनर्निर्माण तोकिएको समयसिमा भित्र सम्पन्न गर्ने प्रतिवद्धता भएको पाएमा स्थगत गरिएको अनुदान उपलब्ध गराउन सक्ने । यसरी लाभग्राही कायम भएकाले पहिलो किस्ता २०७६ पौष मसान्त भित्र र दोश्रो किस्ता २०७६ माघ मसान्त सम्म लिइसक्नु पर्ने साथै एकिकृत वस्तीका लाभग्राही, जोखिम क्षेत्रका लाभग्राही, भूमिहिन लाभग्राही, जोखिमवर्गका लाभग्राही, काठमाडौं उपत्यकाभित्रका लाभग्राही तथा छुट तथा पुन जांच सर्वेक्षणको लगत विश्लेषणवाट कायम हुने लाभग्राहीहरुको हकमा निम्नानुसारको समय सिमा हुंदा सोही अनुसार गर्न गराउनुहुन अनुरोध छ ।

*पुनश्चः कार्यकारी समितिको वैठकको निर्णयको प्रतिलिपी समेत यसै पत्र साथ संलग्न छ ।*

| सि.नं. | किस्ता | समय सिमा | कैफियत |
|---|---|---|---|
| १ | लाभग्राही कायम गर्ने एवं टुंगो लगाउने | २०७६ पौष मसान्त | |
| २. | पहिलो किस्ता लिइसक्नु पर्ने | २०७६ माघ मसान्त | |
| ३. | दोश्रो किस्ता लिइसक्नु पर्ने | २०७६ वैशाख मसान्त | |
| ४. | तेश्रो किस्ता लिइसक्नु पर्ने | २०७७ आषाढ मसान्त | |

.....................
हरि प्रसाद शर्मा
आयोजना व्यवस्थापक

**बोधार्थः**

श्री जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन) काठमाडौं : जानकारी एवं कार्यान्वयनको लागि अनुरोध छ ।